पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
कोशी प्रदेश नेपाल

प.सं.: २०८१/०८२
च.नं.:
मिति : २०८२/०३/३२

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली २०७६ संशोधन सहितको नियम ९ बमोजिम आर्थिक बर्ष २०८२/०८३ का लागि २०८२ श्रावण १ गते देखी भाद्र मसान्त सम्म आ-आफ्नो वडामा उपस्थित भई तोकिएको ढाचाँमा निवेदन दिई अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ । साथै बालबालिका, अफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय वा ९० बर्ष माथीका नागरिक बाहेक अन्य सबै लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता नवीकरणको लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएको र लाभग्राही स्वयम् उपस्थित भई NIN, बायोमेट्रिक डिभाइस मार्फत Verification गरी नविकरण गराइने भएकोले तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नगराएमा MIS प्रणालीबाट स्वत लाभग्राहीको नाम हट्ने छ र त्यस्ता लाभग्राहीले पुनः सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिई नाम दर्ता गर्नु पर्ने छ त्यस्ता लाभग्राहीको सो बीचको अवधिको भत्ता बापतको रकम प्राप्त नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

### सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरु :-

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. सामाजिक सुरक्षा भत्ता परिचय पत्रको प्रतिलिपि,
४. अपाङ्गता भएका हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि,
५. विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि,
६. एकल महिला ६० वर्ष उमेर पुरा भएको हकमा विवाह नभएको वडाको प्रमाणित सिफारिस,
७. सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष उमेर पुरा भएको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको प्रमाणित सिफारिस,
८. बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि,
९. राष्ट्रिय परिचय पत्र नम्बरको प्रतिलिपि,

**(पुनश्चः सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीहरुको राष्ट्रिय परिचय पत्र नम्बर र बैंक खाता नम्बर समेत अद्यावधिक गर्न गराउन अनुरोध छ।)**

पाख्रीबास नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा ।